# साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन कार्यबिधी २०७५

(प्रदेश सरकार, (माननिय मुख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर)

मिति २०७५/८/१७ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. १, बिराटनगर

सचिव

# साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन कार्यबिधी २०७५

## (प्रदेश सरकार, (माननिय मुख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर) मिति २०७५/८/१७ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ बिराटनगर, नेपाल

**प्रस्तावनाः**

नेपालमा पहिलो पंचबर्षिय योजनाबाटै ब्यबस्थित दुग्ध उद्योगको शुरुवात बि.सं. १९५६ मा भई हाल देशमा एक सरकारी दुग्ध बिकास संस्थान र केही ठूला तथा मझौला दुग्ध उद्योगहरुका साथै करिब १७०० भन्दा बढी दुग्ध उत्पादक सहकारी संस्था तथा तिनको छाता संगठन केन्द्रीय दुग्ध सहकारी संघ समेत कृयाशिल छन् । यीनै सहकारी संस्था तथा निजी डेरी उद्योगका संकलन केन्द्रबाट कुल उत्पादनको करिब १५ प्रतिशत मात्र कच्चा दुध प्रशोधनका लागि बजारमा पुग्दछ । स–साना असंगठित कृषकहरुबाट अब्यबस्थित तथा असंगठित रुपमा बजारमा प्रबाह भएको दूध तथा दुग्धजन्य पदार्थको गुणस्तर तथा दिगोपना कायम राख्न नसकिने र दुधको क्षेत्रीय तथा राष्ट्रिय बजारमा संभाबित डेरी पकेट क्षेत्रहरुको पहुंच समेत नपुगी दूधको मुल्य श्रृंखलाको बिकास समेत हुन नसक्दा रोजगारी र दूधको उचित मूल्य समेत कृषकले पाउन सकेका छैनन् ।अर्को तर्फ दुधको बजारको तालमेल नभएर कृषकहरुबाट उत्पादित दूध ठूला डेरी उद्योगहरुबाट खरिद नगरेर दुध विदा (Milk Holiday) गर्नु जसको कारण किसानहरुबाट उत्पादित दुध सडकमा पोखेर अन्दोलन गर्नु जस्ता कारणबाट दुधको बजारलाई व्यवस्थित गर्नको लागि नयां बिकसित हुदै गरेका बजार क्षेत्रहरु र राष्ट्रिय बजारमा समेत दुधको संगठीत उत्पादन तथा बजारकिरण गर्न अपरिहार्य भएकाले प्रदेश सरकारबाट सहकारी, सार्वजनिक निजी साझेदारीमा साना डेरी प्रशोधन केन्द्र स्थापना गर्ने कार्यक्रम स्वीकृत गरिएको छ । यस कार्यक्रमलाई ब्यबस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपले संचालन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५"को दफा ३(१) को अधिकार प्रयोग गरि प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ तर्जुमा गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्याविधिको नाम **साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन कार्यबिधी २०७५** रहेको छ ।

२.२ कार्यविधि प्रदेश सरकार भुमि ब्यवस्था, कृषि तथा सहकारी मंन्त्रालयवाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

सचिव

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्नेछ ।

(ख) "निर्देशनालय"भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्नेछ ।

(ग) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(घ) कृषि , भूमि व्यवस्थाले कार्यक्रम संचालनको अख्तियारी प्राप्तभन्ना "सम्बन्धित कार्यालय" पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय एवं भेटेरिनरी ;तथा सहकारी मन्त्रालय अस्पताल तथा पशु सेवा विज्ञकेन्द्रहरुलाई समेतलाई जनाउँछ ।

(ङ) " कार्यक्रम" भन्नाले कार्यविधिको अधिनमा रही साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रमलाई सम्झनु पर्दछ ।

(च) "दूध" भन्नाले स्वस्थ गाई भैसीको थुनबाट दुहेको र स्वाभाविक अवस्थाको स्वच्छ ताजा श्रावलाई सम्झनु पर्दछ ।

(छ) "दुग्ध जन्य पदार्थ" भन्नाले अप्रशोधित, अर्धप्रशोधित दूध र सोबाट बनेका परिकारहरु सम्झनु पर्दछ ।

(ज) "दुग्ध व्यवसाय" भन्नाले दूध तथा दुग्ध जन्य पदार्थ उत्पादन, संकलन, चिस्यान, ढुवानी, प्रशोधन, भण्डारण तथा विक्री वितरण गर्ने व्यवसाय सम्झनु पर्दछ ।

(झ) "दुग्ध उद्योग (डेरी उद्योग" भन्नाले दूग्ध उत्पादकहरुबाट संकलन गरिएको कच्चा दुधलाई प्रशोधन वा विविधिकरण गरि विभिन्न किसिमका दूध तथा दूग्धजन्य परिकारहरुको उत्पादन, प्याकेजिङ्ग, र लेभलिङ्ग र बेचबिखन गर्ने प्रयोजनको लागि कानूनी रुपमा इजाजत प्राप्त एवं विधिवत रुपले दर्ता भएको उद्योग सम्झनु पर्दछ ।

(ञ) "साझेदार" भन्नाले लागत सहभागितामा कार्यक्रम संचालन गर्न ईच्छुक दुग्ध व्यवसायीक संघ/संस्था, सहकारी संस्था, फर्म, कम्पनी तथा निजी उद्यमी/व्यवसायीलाई जनाउँदछ ।

(ट) "साझेदारी" भन्नाले कार्यक्रम संचालनका लागि अख्तियार प्राप्त कार्यालय र साझेदारका बिच द्विपक्षिय/वहुपक्षिय सम्झौताका आधारमा हुने लागत सहभागितालाई जनाउँदछ ।

(ठ) "अनुदानग्राही" भन्नाले कार्यक्रम कार्यान्वयनका सन्दर्भमा अनुदान प्राप्तिका लागि छनौटभै द्विपक्षिय/बहुपक्षिय सम्झौता भएका साझेदार भन्ने बुझ्नु पर्दछ ।

(ड) "द्विपक्षिय/बहुपक्षिय सम्झौता" भन्नाले सम्बन्धित कार्यालय र साझेदारका बिच कार्यक्रम सम्पन्न गर्नको लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

सचिव

३. उद्देश्य :

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

यो कार्यविधिको उद्देश्यहरु निम्न रहेका छन्।

१. दुग्धजन्य पदार्थहरुको उत्पादन वृद्धि गर्न।

२. दुग्ध जन्य उद्योगहरुलाई आधुनिकिकरण गर्नमा सहयोग गर्ने ।

३. दुग्धजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरण गर्नमा सहयोग गर्ने ।

**४. अनुदान प्राप्त गर्न सक्ने निकायहरु (साझेदार निकायहरु)**

(क) सहकारी संघ/संस्था (ख) फर्म तथा कम्पनी (ग) निजी उद्यमी/व्यवसायी

**५. अनुदान रकम उपलब्ध हुने क्षेत्र :**

यस कार्यक्रम अन्तरगत प्रदान गरिने अनुदान रकम निम्न कार्यका लागि खर्च गर्न सकिनेछः

(क) डेरी प्रशोधनको लागि भवन निर्माण र सुधार ।

(ख) साना डेरी प्रशोधन केन्द्रमा प्रयोग हुने औजार उपकरहरु पाश्चुराइजेसन मेशिन, चिलिङ्ग भ्याट, ढुवानी साधन, जेनेटर, मिल्क एनालाईजर, डिजिटल ब्यालेन्स, मिल्क क्यान, मिल्क प्याकेजिङ्ग मेशिन, डिप फ्रिज, फ्रिज, चिज मेकर तथा दूग्धजन्य पदार्थ विविधिकरणको लागि आवश्यक पर्ने औजार उपकरणहरु खरिद गर्न ।

(ग) विजुली बत्ति, ढल निकास, ओभरहेड ट्यांकी, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्न मेशिन जडान आदि ।

(घ) किरा झिंगा नपस्ने व्यवस्था र अन्य जैविक सुरक्षाका विधी अवलम्बन गर्न ।

**६. कार्यक्रम संचालन हुने जिल्लाहरु :** प्रदेश नं.१ अन्तरगतका सबै जिल्लाहरु ।

७. कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व

(क) कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानि सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(ख) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र इमान्दारिता र पारदर्शिता कायम राखि उच्च गुणस्तर सहित सम्पन्न गर्ने दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(ग) साझेदारले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

(घ) अनुदानग्राहीले कार्यक्रम संचालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

सचिव

८. कार्यक्रम कार्यान्वयन प्रकृया :

यो कार्यक्रम देहाय बमोजिम कार्यान्वयन हुनेछ ।

क. सम्बन्धित कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुसूची १ बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।

ख. कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकहरुले अनुसूची –१० बमोजिम आवश्यक कागजातहरु सहित तोकिएको निकाय र समयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

ग. रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

घ. उपयुक्तताका आधारमा प्राप्त आवेदनहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेसन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| (१) पशुपन्छी विकास महाशाखा प्रमुख | संयोजक |
| (२) बरिष्ठ कृषि विकास अधिकृत योजना महाशाखा | सदस्य |
| (३) कानून अधिकृत प्रतिनिधि | सदस्य |
| (४) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (५) बरिष्ठ अधिकृत/अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (६) पशुपन्छी व्यवसाय प्रबर्द्धन शाखाको अधिकृत | सदस्य-सचिव |

*नोटः समितिले आवश्यक्ता मुताविक बढिमा २ जना सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।*

(ङ) रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट गरि फिल्ड भेरिफिकेशनका उपयुक्त प्रस्तावहरुको सूचि पेश गर्ने जिम्मेवारी प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले पशुपन्छी विकास महाशाखाको कुनै कर्मचारीलाई तोक्नेछ ।

(च) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरि फिल्ड भेरिफिकेसन गराउने तथा आवश्यक ठानेमा समिति स्वयंले समेत प्रस्ताव सिफारिस गर्नु पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ ।

(छ) फिल्ड भेरिफिकेशनमा खटिएको टोलीले अनुसूची–७ बमोजिम फिल्ड भेरिफिकेशनमा कम्तिमा ४० अंक प्राप्त गरेका प्रस्तावहरुको प्राथमिकिरण सहितको सूची प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिमा पेश गर्नेछ ।

(ज) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची–८ बमोजिम मूल्याङ्कन र प्राथमिकिकरण सहितको सूची स्वीकृतिका लागि मन्त्रालयका सचिव समक्ष पेश गर्नेछ ।

सचिव

## ९. सम्झौता

(क) स्विकृत प्रस्तावका आवेदकलाई सम्बन्धीत कार्यालयले *अनुसूची–९* बमोजिम सम्झौताका लागि ३० दिनको सार्वजनिक सूचना जारी गर्नेछ । तोकिएको अवधि भित्र द्विपक्षिय सम्झौता हुन नसकेमा वैकल्पिक प्रस्तावकलाई १५ दिनको म्याद दिई द्विपक्षिय सम्झौताको लागि बोलाइनेछ ।

(ख) द्विपक्षिय सम्झौतालाई साझेदारी कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

## १०. अनुदान प्रवाहका शर्तहरु

अनुदान प्राप्त गर्न देहाय बमोजिमका शर्तहरु पालना गर्नु पर्नेछ ।

(क) सूचना प्रकाशन भएको मिति अगावै प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी संस्था, फर्म, कम्पनी, उद्यमी/व्यवसायीक मात्र यस कार्यक्रमका लागि योग्य मानिनेछन् ।

(ख) साना डेरी प्रशोधन स्थापना केन्द्रको भौतिक संरचनाको डिजाईन इष्टिमेट मान्यता प्राप्त ईन्जिनियरबाट तयार गराई मन्त्रालयको पूर्व स्वीकृत लिई कार्यान्वयन गर्नु पर्नेछ ।

(ग) विगत ३ वर्ष भित्र भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय अन्तरगत वा साविकको कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा सो अन्तरगतका निकायबाट सोही प्रकृतिका कार्यक्रममा अनुदान प्राप्त गरेकाहरु लागि पूनः अनुदानको लागि योग्य हुने छैन । तर अपूरो निर्माण कार्य संचालन गर्न थप अनुदान आवश्यक रहेको प्राविधिक प्रतिवेदनको आधारमा पूनः अनुदान प्रदान गर्न बाधा पर्ने छैन ।

(घ) अनुदानबाट साना डेरी प्रशोधन स्थापना भए पश्चात कम्तिमा ५ वर्ष अनिवार्य रुपमा व्यवसाय संचालन गरेको हुनु पर्नेछ ।

(ङ) साना डेरी प्रशोधन उद्योगमा स्टीनलेस स्टील (Stainless Steel) वा आल्मुनियबाट बनेको हुनु पर्नेछ ।

(छ) सम्बन्धित साझेदारले असल पशुपालन अभ्यास (Good Animal Husbandry Practice), असल चिकित्सा अभ्यास (Good Veterinary Practice), असल सरसफाई अभ्यास (Good Hygienic Practice) अबलम्बन गरेको हुनु पर्नेछ ।

(ज) साझेदार निकायसंग साना डेरी प्रशोधन केन्द्र स्थापना स्थानमा सडक, बिजुली र पानीको प्रयाप्त सुबिधा भएको हुनु पर्नेछ ।

(झ) लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको करारनामा वा सम्झौता गरेको हुनुपर्नेछ ।

(ञ) प्रस्तावको तर्फबाट व्यहोरिने २५ प्रतिशत लगानीको (जग्गा र चालु खर्च बाहेक) अनुसूची–४ बमोजिमको प्रतिबद्धता पेश गर्नु पर्नेछ ।

(ट) प्रशोधन केन्द्र स्थापना गर्ने स्थलमा सडक, विद्युतको थ्री फेज लाइन जडानको सुविधा भएको हुनु पर्नेछ ।



सचिव

(ठ) कार्यक्रम संचालन गर्न सामाजिक, वातावरणीय, प्राविधिक, वित्तिय र भौगोलिक रुपमा उपयुक्त हुनु पर्दछ।

(ड) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाले नियमित लेखा परीक्षण गरिएको हुनु पर्छ ।

(ढ) अनुदानको रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीलाई प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकी सरह अनुदान रकम असुल उपर गरनेछ ।

(ण) सरकारी वा गैरसरकारी निकायबाट यस अघि अनुदान प्राप्त गरेका प्रस्तावकले सम्झौता वा कार्यक्रम मुताविक गरेको नपाइएमा त्यस्ता प्रस्तावकलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(त) नियम अनुसार सम्बन्धित निकायमा दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाही नपरेको हुनु पर्नेछ ।

(थ) स्थानिय तहको सिफारिस भएको हुनु पर्नेछ ।

(द) सडक सञ्जाल संग जोडिएको स्थानमा हुनु पर्नेछ ।

## ११. अनुगमन र मूल्याङ्कनः

(क) सान्दर्भिकता अनुसार सम्बन्धित सरोकावालाहरुबाट र भुक्तानी प्रयोजनको लागि सम्बन्धित कार्यालय वा मातहतका प्राविधिकबाट कार्यक्रमको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(ख) कार्य प्रगतिको अवस्था तथा कार्यविधिर सम्झौता मुताविकका शर्तहरुको पालन भए/ नभएको सम्बन्धमा सम्बन्धित कार्यालयले नियमित अनुगमन गर्नेछ ।

(ग) अनुगमन टोलीले अनुदान उपयोगको सम्बन्धमा आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित अनुदानग्राहीको कर्तव्य हुनेछ ।

(घ) कार्यक्रम स्थलमा बुझिने भाषामा कामको विवरण, अनुदान रकम, सहयोगि निकाय, अवधि आदी विवरण सहितको होर्डिङ बोर्ड सार्वजनिक जानकारीको लागि राख्नु पर्नेछ ।

## १२. भुक्तानी प्रकिया :

(क) सम्बन्धित साझेदारले शूरुमा आफ्नो तर्फको लगानीबाट सम्झौता अनुसारको कार्य सम्पन्न गरी नियमानुसारको विल/विजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको प्रतिवेदन, रनिङ्ग विल, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धीत कार्यालयले स्थलगत निरीक्षण गरी मनासिव ठहरेमा रनिङ्ग विलको आधारमा सम्पन्न भएको कामको भुक्तानी दिनेछ ।

(ख) सम्पन्न भएका कृयाकलापहरुको अनुदान रकम दुई किस्तामा साझेदारको बैंक खातामा भुक्तानी दिईने छ ।

(ग) भुक्तानी गरिने रकमबाट २(दुई) प्रतिशत कन्टिनजेन्सी वापत र नियमानुसारका अन्य सरकारी कर कट्टा गरि बाँकीरकम उपलब्ध गराईनेछ ।

सचिव

(घ) यस कार्यविधि अनुरुप अनुदानरकम बढिमा ७५% रसाझेदारको लगानी घटिमा २५% (जग्गा र चालु खर्च बाहेक) हुनेछ ।

(ङ) अन्तिम भुक्तानीका लागि आवश्यक बिल/बिजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको प्राविधिक प्रतिवेदन र सम्बन्धित कार्यालय वा मातहत प्राविधिकको स्थलगत निरीक्षण प्रतिवेदन वा सिफारिस सहित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(च) अनुदानग्राहीले कार्य सम्पन्न भए पश्चात सम्बन्धित सरोकारवालहरुको सहभागितामा सार्वजनिक सुनवाई गर्नु पर्नेछ र सो को प्रतिवेदन अन्तिम भुक्तानीका बखत कार्य सम्पन्न प्रतिवेदन सहित सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

## १३. आर्थिक प्रशासन सेवा:

कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधी नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश एवं संघिय सरकारका प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछ ।

## १४. कार्वाहीको व्यवस्था:

सम्झौता बमोजिम अनुदानलाई सदुपयोग नभएको पाइएमा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्वाही हुनेछ।

## १५. प्रचलित कानून लागु हुने:

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. **बिमा:** योजनाको सम्भाव्यताको आधारमा योजनाको बिमा गराउनु पर्नेछ ।

## १७. बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन):

(क) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्क निर्णय गर्न सक्नेछ ।

(ख) कार्यविधि कार्यान्वयनमा बाधा अडचन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(ग) कार्यविधिलाई आवश्यकता अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले खारेजी वा संशोधन गर्न सक्नेछ ।

सचिव

अनुसूची–१

# साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम कार्यान्वयको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना

## प्रथम पटक प्रकाशित मिति २०७५/.../....

यस मन्त्रालयको आ.व. २०७५/.../.... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि तोकिए बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न लागि प्रदेश नं.१ मा रहेका इच्छुक सहकारी संघ/संस्था/फर्म/कम्पनी/निजी उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र यस मन्त्रालयमा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

थप जानकारीका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको फोन नं......................मा समा सम्पर्क राख्नु हुन वा मन्त्रालयको वेभसाईड ....................बाट साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन निर्देशिका–२०७५ डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

**कार्यक्रम विवरण**

| क. सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|---|---|
| | | | | |

सचिव

अनुसूची–२

# आवेदन

श्री.............................

.........................................

विषय : प्रस्ताव पेश गरिएको बारे ।

तहाँ मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रको मिति.........................को ................ .................पत्रिकामा प्रकाशित सूचना अनुसार म निवेदकले तपसिल बमोजमको कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्न ईच्छुक भई आवश्यक कारवाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको

दस्तखत

मिति :

प्रस्तावकको नाम र थर :

स्थायी ठेगाना :

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम सन्चालन हुने स्थानको पूरा ठेगाना :

संलग्न कागजातहरुको सूची

| क्र.सं. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |
| ७ | | |
| ८ | | |

सचिव

अनुसूची–३

## चिलिङ्ग भ्याट स्थापना कार्यक्रमको कार्ययोजना

### क) प्राविधिक प्रस्ताव

| | | |
|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम | |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| ३ | आवेदकको नाम | |
| ४ | ठेगाना | |
| ५ | आबेदकको सम्पर्क टेलिफोन/मोवाइल नम्बर | |
| ६ | आवेदक संस्था/फर्म/ कम्पनी/ उद्योग/व्यवसायको दर्ता नम्बर | |
| ७ | दर्ता भएको कार्यालय र मिति | |
| ८ | आवेदक संस्था/फर्म/कम्पनी/उद्योग/व्यवसायको उमेर (दर्ता वा स्थापना पश्चातको अवधी बर्षमा) | |
| ९ | भ्याटपान दर्ता नम्बर / | |
| १० | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. | |
| ११ | प्रस्तावकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. | |
| १२ | सम्बन्धित कार्यालयसंग माग रकम रु. | |
| १३ | प्रस्तावित कार्यक्रमको उद्धेश्य | |
| | | |
| | | |
| | | |

| | | | | |
|---|---|---|---|---|
| १४ | प्रस्तवित कार्यक्रम कार्यान्वयन स्थलमा विद्यामान भौतिक पूर्वाधारहरु | | | |
| १४.१ | सडक सुविधा (छैन/छ) | | नजिकको बजारको नाम | |
| १४.२ | सडक कस्तो छ (पक्की/कच्ची) | | बजार सम्मको दुरी (कि.मी.) | |
| १४.३ | बिजुलीको सुबिधा छ/छैन | | सदरमुकाम देखिको दुरी (कि.मी.) | |
| १.४४ | खानेपानीको सुविधा छ/छैन | | जग्गाको स्वामित्व (लिज/आफ्नै) | |
| १४.५ | आफ्नै भवन, मेशिनरी सवारी साधन र उपकरणको किसिम र संख्या उल्लेख गर्ने । | | | |

| सि.नं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

| | |
|---|---|
| | |
| १५ | प्रस्तावित कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुनेको संख्या |
| १६ | लक्षित समुदाय अप्रत्यक्ष लाभान्वित हुने (संख्या) |

| महिला | दलित | जनजाती | अन्य |
|---|---|---|---|
| | | | |

| | |
|---|---|
| १७ | प्रस्तावित कार्यक्रमबाट सम्पन्न गरिने कृयाकलापहरुको विवरण |
| | |
| | |
| | |
| १८ | कृयाकलाप कार्यान्वयन योजना |

| सि.नं. | कृयाकलाप | मार्ग | पौष | माघ | फाल्गुण | बैसाख | जेष्ठ | अषाढ |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | |
|---|---|
| १९ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुँदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने) |
| | |
| | |
| | |
| २० | प्रस्तावित कार्यक्रममा अन्य निकायहरु समेत सामेल हुने भए तिनको नाम र सहकार्य रकम खुलाउने |
| २१ | प्रस्तावकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेलखाने मात्र) |
| | |
| २२ | उपरोक्त कार्य सम्पादनका लागि भएको लगानी (रु.) |
| २३ | प्रस्तावित कार्यक्रम सम्बन्धि आवेदकको अनुभव र तालिम (अवधि समेत खुलाउने) |
| | |
| २४ | **आवेदकसँग विद्यमान जनशक्ति विवरण** |

| सि.नं. | जनशक्ति विवरण | दक्षता तालिम/शैक्षिक योग्यता) | |
|---|---|---|---|
| | | | |
| | | | |

| | |
|---|---|
| २५ | प्रस्तावित कार्यक्रमले वातावरणमा पर्न सक्ने नकारात्मक असर : |
| २६ | वातावरणिय असर न्यूनिकरणका लागि अपनाईने उपाय |
| | |
| | |



सचिव

| | |
|---|---|
| २७ | प्रस्तावित कार्यक्रमले श्रृजना गर्ने थप रोजगारी (संख्या) |

आर्थिक प्रस्ताव

**प्रस्तावमा उल्लेखित कृयाकलापहरुको लागत अनुमान र सहकार्यकोको विस्तृत विवरण :**

| क्र. सं. | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर (रु.) | कुल लागत (रु.) | प्रस्ताव को योगदान (रु.) | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम (रु.) | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| **जम्मा (रु.)** | | | | | | | | |
| **भ्याट (रु.)** | | | | | | | | |
| **कूल जम्मा (रु.)** | | | | | | | | |

**माथिका उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छुकहि कतै झुठो ठहरिएमा कानुन , छौ/अवगत गराउँछु बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा**

संस्थाको जिम्मेवारी पदाधिकारीको

| | |
|---|---|
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| संस्थाको छाप | |

*नोटः आवेदकको योगदानमा जग्गाको मूल्य र चालुखर्च समावेस गर्न पाइने छैन ।*

अनुसूची–४

## लागत साझेदारी गर्ने प्रतिबद्धता

भूमि व्यवस्था, कृषि तथा सहकारीको मिति .....................को .............मा प्रकाशित सूचना अनुसार..................... महानगरपालिका/ उपमहानगरपालिका/ नगरपालिका/ गाउँपालिका......... गाउँ/टोल बस्ने श्री................ले लागत साझेदारीमा......................... कार्यक्रम संचालनका लागि पेश गरेको आर्थिक प्रस्ताव अनुसार कुल लगानी रु................ को.............प्रतिशतले हुन आउने रु.................... अक्षरेपी .................बराबरको लगानी आफ्नो आन्तरिक श्रोतबाट बेहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

सचिव

अनुसूची-५

## समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

प्रदेश सरकार ........................... मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र .............. को मिति ........................ को ......................... मा प्रकाशित सूचना अनुसार ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ...........नं. वडा ................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री ........................................ ले लागत साझेदारीमा ............................................... कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना संग मेल खाने कार्यका लागि बिगत ३ बर्ष भित्र संघिय सरकार वा प्रदेश मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रबाट अनुदान नलिएको स्वघोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

निवेदकको

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

सचिव

अनुसूची–६

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केनद्रको सिफारिस पत्र

श्री ..................

...............

विषयः सिफारिस गरिएको बारे ।

उपरोक्त सम्बन्धमा प्रदेश सरकार ............................ मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र ............... को मिति ....................... मा प्रकाशित सूचना मुताविक ....................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ...........नं. वडा ................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री .......................................... ले लागत साझेदारीमा ................................................ कार्यक्रम संचालनका लागि सिफारिस पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवस्यक जाँचबुझ गर्दा निजले पेश गरेका विवरणहरु सही रहेको र सोही प्रकृतिको कार्यमा बिगत ३ बर्ष भित्र कुनै अनुदान लिएको देखिन नआएकाले निजको प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेको

दस्तखतः

नामः

मितिः

सचिव

अनुसूची –७

## स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम

(क) सामान्य जानकारी

१. जिल्ला :

२. आवेदकको नाम :

३. कार्यक्म संचालन स्थलको ठेगाना :

४. प्रस्तावि कार्यक्रमको नाम :

५. स्थलगत प्रमाणिकरण मिति :

६. स्थलगत प्रमाणिकरणमा संलग्न पदाधिकारीको विवरण

| क्र.सं. | पदाधिकारीहरुको नाम | पद | सहि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**(ख) आवेदकको मूल्याङ्कन**

| क्र.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | ३० | |
| १.१ | कार्यक्रम कार्यान्वयन स्थलको जग्गा वा भवन आवेदकको आफ्नै स्वामित्वको छ/छैन | | |
| १.२ | प्रस्तावित कार्यक्रम संचालन गर्न प्रयाप्त जग्गा छ/छैन | | |
| १.३ | भविष्यमा विस्तारका लागि जग्गा उपब्ध हुन सक्ने संभावना छ/छैन | | |
| १.४ | बाढी पहिरोले क्षति पुर्‍याउन सक्ने सम्भावना छ/छैन | | |
| १.५ | कार्यक्रम कार्यान्वयन स्थलमा बाटो, पानी, विजुलीको सुविधा छ/छैन | | |
| १.६ | भौगोलिक हिसावले उक्त स्थानमा प्रस्थावित कार्यक्रम संचालन गर्न उपयुक्त छ/छैन | | |
| २ | प्रविधि क्षमता | १५ | |

| क्र.सं. | मूल्याकङ्कनका सूचकहरु | प्रमाणिकरणमा भेटिएको अवस्था र भार | प्राप्ताङ्क |
|---|---|---|---|
| २.१ | प्रस्तावित कार्यक्रमसंग मेल खाने कृयाकलापमा हाल संलग्नता छ/छैन | | |
| २.२ | आवश्यक प्राविधिक सेवाटेवा प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| २.३ | आवेदक सम्बन्धित विषयको तालिम/अनुभव प्राप्त छ/छैन | | |
| **३** | **वित्तिय क्षमता** | **१५** | |
| ३.१ | आवेदकले आवश्यक लागत साझेदारी गर्न सक्ने अवस्था छ/छैन | | |
| ३.२ | बैंक मौजदात वा संचालित कारोवारको वचत छ/छैन | | |
| ३.३ | आवश्यक रकम वित्तिय संस्थाबाट ऋण प्राप्त गर्न सक्ने अवस्था छ/छैन | | |
| ४ | वातावरणीय उपयुक्तता | १० | |
| ४.१ | प्रस्तावित कार्यक्रम कार्यन्वयन गर्दा स्थानिय बासिन्दाबाट विरोध हुन सक्ने अवस्था छ/छैन | | |
| ४.२ | प्रस्तावित कार्यक्रमले वातावरणमा नकारात्मक असर पुग्न सक्ने अवस्था छ/छैन | | |
| **५** | **अन्य पक्षहरु** | **२०** | |
| ५.१ | संस्थागत/व्यवसायिक कृयाशिलता सन्तोषजनक छ/छैन | | |
| ५.२ | दर्ता/नविकरण/करचुक्ता/अडिट आदि अद्यावधिक छ/छैन | | |
| ५.३ | आवश्यक कच्चा पदार्थ प्राप्त हुन सक्ने अवस्था छ/छैन | | |
| ५.४ | उत्पादित वस्तुको सहज बजारिकरण हुन सक्ने अवस्था छ/छैन | | |
| ६ | स्थलगत टोलीको राय | १० | |
| ६.१ | आवेदक संग लागत साझेदारी गर्नु उपयुक्त छ/छैन | | |
| | **जम्मा** | १०० | |

**नोट : माथि उल्लेखि प्रत्येक बुँदाको स्थलगत प्रमाणिकरणमा सकारात्मक भेटी ५ अङ्क देखि र नकारात्मक अवस्था भेटिए ० अङ्क सम्म प्रदान गर्ने । उतिर्ण हुनको लागि ४० अङ्क प्राप्त गर्नु पर्नेछ । यदि कम्तिमा ४० अंक भन्दा कम प्राप्त गरेमा मूल्याङ्कन समितिमा मूल्याङ्कनको लागि छनौट गरिने छैन ।**



सचिव

(ग) आवेदकसंग विद्यमान भवन, सवारी साधन, मेशिनरी र उपकरणहरुको विवरण :

| क्र.सं. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(घ) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण भए उल्लेख गर्ने ।

१.

२.

३.

४.

५

(ङ) स्थलगत प्रमाणिकरण टोलको राय

स्थलगत प्रमाणिकरणमा भेटिएका तथ्यहरुको आधारमा आवेदकसंग लागत साझेदारी गरी प्रस्तावित कार्यक्रम संचालन गर्न उपयुक्त हुन्छ/हुँदैन भनी राय पेश गर्ने ।

| क्र.सं. | स्थलगत प्रमाणिकरण गर्ने पदाधिकारीको नाम | हुन्छ/हुँदैन | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

सचिव

अनुसूची–८

## व्यवसाय योजना मूल्याङ्कनका आधारहरु

| क्र. सं. | मूल्यांकनका आधारहरु | भार (प्रतिशत) | प्रासाङ्क |
|---|---|---|---|
| १ | **संस्थाको उमेर र अनुभव** | १० | |
| १.१ | ३ वर्ष भन्दा घटी | २ | |
| १.२ | ३ देखि ५ वर्ष सम्म | ३ | |
| १.३ | ६ देखि ८ वर्ष सम्म | ४ | |
| १.४ | ९ देखि ११ वर्ष | ५ | |
| १.५ | १२ भन्दा बढी | १० | |
| २ | **कार्यक्रम कार्यन्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | २० | |
| २.१ | सडक सुविधा भएको | ४ | |
| २.२ | विजुलीको सुविधा भएको | २ | |
| २.३ | खानेपानीको सुविधा भएको | २ | |
| २.४ | जग्गा आफ्नै भएको | ८ | |
| २.५ | आफ्नै स्वामित्वको भवन, भौतिक पूर्वाधार, सवारी साधन, यन्त्र उपकरण भएको | ४ | |
| ३ | **प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (संस्थाको हकमा स्थायी कामदारहरुको)** | १० | |
| ३.१ | ७ दिन अवधि सम्मको तालिम | २ | |
| ३.२ | ७ देखि १५ दिन अवधि सम्मको तालिम | ४ | |
| ३.३ | १६ देखि ३० दिन अवधि सम्मको तालिम | ६ | |
| ३.४ | १ महिना देखि ३ महिना अवधि सम्मको तालिम | ८ | |
| ३.५ | ३ महिना भन्दा बढी अवधिको तालिम | १० | |
| ४ | **वित्तिय क्षमता** | ४ | |
| ४.१ | साझेदारीको प्रतिबद्धता सामेल भएको | २ | |
| ४.२ | अन्य निकायबाट पनि साझेदारी हुने प्रतिबद्धता भएको | २ | |
| ५ | **प्रत्यक्ष लाभाविन्वत संख्या** | ५ | |
| ५.१ | ५ जना सम्म | १ | |
| ५.२ | ५ देखि १० जना सम्म | २ | |
| ५.३ | ११ देखि १५ जना सम्म | ३ | |
| ५.४ | १६ देखि २० जना सम्म | ४ | |

| क्र. सं. | मूल्यांकनको आधारहरु | भार (प्रतिशत) | प्रासाङ्क |
|---|---|---|---|
| ५.५ | २१ देखि २५ जना सम्म | ५ | |
| ६ | **वातावरणिय उपयुक्तता** | ६ | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणिय प्रभाव आंकलन गरिएको | ३ | |
| ६.२ | वातावरणिय प्रभाव न्युनिकरणका उपायहरु सामेल गरिएको | ३ | |
| ७ | **अन्य पक्षहरु** | २० | |
| ७.१ | विगतमा सम्पादित काम र प्रस्तावित कार्यक्रम विच तालमेल रहेको | ५ | |
| ७.२ | संस्थाको अवस्थिती र प्रस्तावित कार्यक्रम संचालन स्थल बिचको तादात्म्यता | ५ | |
| ७.३ | प्रमुख सञ्चालकको उमेर (४५ वर्ष वा कम उमेरको लागी पूर्णांक, ४६ देखि ५५ को लागी ३ अंक, ५६ देखि ६५ को लागी १ अंक र सो भन्दा बढीलाइ शून्य अंक) | ५ | |
| ७.४ | भइरहेको व्यवसाय नभइ लगानी गर्न खोजिएको नया व्यवसाय | ५ | |
| ८ | **स्विकृत कार्यविधीका अनुसारका थप आधारहरु** | २५ | |
| ८.१ | आवेदक संस्थाको किसिम र सूचना मूताविक सम्बन्धित कार्यालयको प्राथमिकता | ५ | |
| ८.२ | आर्थिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.३ | प्राविधिक प्रस्तावको गुणस्तर | ५ | |
| ८.४ | व्यावसायिक कार्ययोजनाको स्पष्टता | ५ | |
| ८.५ | कार्याविधिको फर्मेट अनुसार | २ | |
| ८.६ | कार्ययोजनाको विवरण | ३ | |
| ९ | **मुनाफा र शमविन्दुको आधारमा उपयुक्तता र दिगोपन** | ५ | |
| १० | **पेश भएका विवरणहरुको विश्वसनियता** | ५ | |
| १०.१ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको शिफारिस | १ | |
| १०.२ | स्थानिय बासिन्दाबाट विरोध नहुने प्रतिबद्धता | २ | |
| १०.४ | लेखा परिक्षण प्रतिवेदन | १ | |
| १०.५ | आधिकारिक निकायमा दर्ता नविकरण | १ | |
| | **जम्मा** | १०० | |

*नोटः उपरोक्तानुसार व्यवसाय योजनाको मूल्याङ्कन गर्दा न्यूनतम ५० प्रतिशत अङ्क प्राप्त गरेका प्रस्तावहरु मात्र छनौटको प्रतिष्पर्धामा सामेल हुनेछन् ।*

सचिव

अनुसूची-९

## साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम कार्यान्वयनको लागि द्विपक्षिय सम्झौता-पत्र ॥

प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. १ बिराटनगरको आ.व................. को स्वीकृत कार्यक्रम अनुसार लागत साझेदारीमा साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम कार्यान्वयन गर्नको लागि मिति ................ गते प्रथम पटक................ पत्रिकामा प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस मन्त्रालयको मिति ...................... गतेमा बसेको प्रस्ताव छनौट समितिको बैठकबाट श्री ................................को प्रस्ताव छनौट भएको हुँदा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.१ बिराटनगर **(यस पछि प्रथम पक्ष भनिने)** र ..............................................**(यस पछि दोश्रो पक्ष भनिने)** बीच तपसिल अनुसारका शर्तहरु परिपालना गर्ने गरी द्विपक्षिय सम्झौता गरिदियौं/लियौं ।

<u>तपसिल :</u>

१. प्रस्तावित साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम संचालन ...........जिल्ला...........नगरपालिका .......नं. ........ को...........चौक/गाउँ/टोल भन्न ठाउँमा मिति ............सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रथम पक्षले साना डेरी प्रशोधन केन्द्र स्थापना कार्यक्रम कार्यान्वयनको लागि विनियोजित बजेट रु. ................ मध्ये २(दुई) प्रतिशत कन्टिजेन्सी वापतको कट्टा गरी प्रथम पक्षलाई रु. ..........(अक्षरुपी ..............) बराबरको आर्थिक अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ र बाँकी कम्तिमा २५ प्रतिशत रकम दोश्रो पक्षले व्यवस्था गरेको हुनु पर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, लागत ईष्टिमेट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारीत समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

४. कार्यक्रम संचालनका लगि आवश्क निर्माण सम्बन्धि डिजाईन, ईष्टीमेट, सुपरभिजन, रनिङ्ग विल, अन्तिम विल र कार्य सम्पन प्रतिवेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

५. दोश्रो पक्षले शुरुमा आफ्नो तर्फ लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट विल, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीको लागि प्रथम समक्ष पेश गरे पश्चात स्थगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैंक खातामा एकमुष्ट भुक्तानी दिनेछ । वा

६. नेपाल सरकाबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको रनिङ्ग विल तथा कार्य सम्पन्न प्रतिवेदन र स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दुई बराबरको किस्ता वा सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत अनुदान रकम भुक्तानी बैंक खाता मार्फत भुक्तानी प्रथम पक्षले गर्नेछ ।

सचिव

७. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

८. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

९. दोश्रो पक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखि बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।

१०. दोश्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगति, उपलब्धी एवम कारोवार सम्बन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

११. कार्यक्रम संचालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ ।

१२. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यस निर्देशिका, प्रचलित कानून र दुवै पक्षको सहमति अनुसार हुनेछ ।

१३. दोश्रो पक्षले सम्झौता मुताविकको काम नगरि रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम प्रथम पक्षले सरकारी बाँकी सरह असुल उपरको प्रकृया अगाडी बढाउन सक्नेछ ।

१४. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, ईष्टिमेट र दरभाउ मेशिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसंग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नु पर्नेछ । यसो नगरेको खण्डमा प्रथम पक्षले रकम भुक्तानी दिन बाध्य हुने छैन ।

१५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद पहिलो पक्ष जिम्मेवार हुने छैन ।

नोट : द्विपक्षिय सम्झौतामा आवश्यकता मुताविकका अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिन्छ

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| --- | --- |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| कार्यालयको छाप : | संस्थाको छाप : |

औठाको छाप : दायाँ बायाँ

ईति सम्बत ......साल .......महिना.... गते रोज . शुभम्

## अनुसूची–१०

### प्रस्तावका साथ संलग्न हुनु पर्ने कागजातहरु :

१. रु. ३००।०० राजश्व दाखिला गरेको भौचर ।

२. अनुसूची–२ बमोजिमको आवेदन ।

३. अनुसूची–३ बमोजिमको ढाँचामा तयार गरिएको व्यवसाय योजना।

४. अनुसूची–४ बमोजिमको प्रतिबद्धता पत्र

५. अनुसूची–५ बमोजिमको स्वघोषणा ।

६. अनुसूची–६ बमोजिम भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र ।

७. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी ।

८. लिजमा लिएको जग्गाको हकमा कम्तिमा १० वर्षको करारनामा वा सम्झौता पत्र ।

९. प्रचलित कानून बमोजिम अधिकारिक निकायमा संस्था/फर्म/व्यावसाय दर्ता, नविकरण गरेको प्रतिलिपि ।

१०. मूल्य अभिबृद्धी कर **(VAT)** वा स्थायी लेखा नम्बर **(PAN)** दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

११. सहकारी/ साझेदारीको हकमा कार्य समितिको निर्णयको प्रतिलिपी ।

१२. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रतिलिपी

१३. कार्यान्वयन स्थलको फोटो ।

१४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी

१५. प्रस्तावकको वित्तिय क्षमता प्रमाणित गर्ने कागजात (बैंक ग्यारेन्टी, टर्न ओभर, बैंक व्यालेन्स) आदी ।

सचिव